आज मिति २०८३।०४।१८ गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | राज कुमा रथारू | का.वा.वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

२२· शैलेन्द्र रेग्मी कार्यवाहक वडा अध्यक्ष ८

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु**

**आ.व.०८३।८४ कार्यपालिका बैठक, मिति: २०८३।०४।१८ गते, बैठक संख्या:१ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. १.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. १.२ नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. १.३ वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. १.४ Standard Operating Procedure (SOP) स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. १.५ नगर दररेट स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. १.६ विभिन्न आयोजनाहरुको म्याद थप सम्बन्धमा,

प्रस्ताव नं. १.७ LGPAS को प्रगति सम्बन्धमा,

प्रस्ताव नं. १.८ उद्योग शाखा सञ्चालन गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १.९ खरिद समिति, मूल्याङ्कन समिति र खरिद ईकाई गठन गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १.१० विषयगत कार्यक्रमको कार्यक्रम सञ्चालन मार्गदर्शन स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. १.११ एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७७ संसोधन सम्बन्धमा,

प्रस्ताव नं. १.१२ भूमिको नाप नक्सा सम्बन्धमा,

प्रस्ताव नं. १.१३ भूमिहिन सुकुम्बासी तथा अव्यवस्थितहरुको फारम रुजु सम्बन्धमा,

प्रस्ताव नं. १.१४ बाटोको लगत कट्टा सम्बन्धमा,

प्रस्ताव नं. १.१५ विभिन्न निकायहरुबाट प्राप्त पत्रहरु सम्बन्धी जानकारी सम्बन्धमा,

प्रस्वाव नं. १.१६ राष्ट्रिय सदाचार नीति कार्यान्वयन सम्बन्धमा,

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**मितिः २०८३।०४।१८ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक सङ्ख्या १ का निर्णयहरु**

**प्रस्ताव नं. १.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**
**निर्णय नं. १.१** अघिल्लो आर्थिक वर्ष २०८२।०८३ मा विभिन्न मितिमा कूल १९ वटा कार्यपालिका बैठकहरु सम्पन्न भए। बैठकहरुमा विभिन्न आवश्यक निर्णयहरु भएकोले समिक्षा गर्दै अभिलेख गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.२ नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत सम्बन्धमा,**
**निर्णय नं. १.२** यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति, बजेट तथा कार्यक्रम कार्यालयबाट हुने अन्य सेवा प्रवाहको क्रियाकलाप सहितको वार्षिक कार्ययोजना स्वीकृत गरी अनुसूचीं-१ मा अभिलेख गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.३ वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा,**
**निर्णय नं. १.३** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (६) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (८) अनुसार बाणगङ्गा नगरपालिकाको वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.४ Standard Operating Procedure (SOP) स्वीकृत सम्बन्धमा,**
**निर्णय नं. १.४** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा (१४) बमोजिम बाणगङ्गा नगरपालिकाको विषय क्षेत्रगत Standard Operating Procedure (SOP) स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.५ नगर दररेट स्वीकृत सम्बन्धमा,**
**निर्णय नं. १.५** बाणगङ्गा नगरपालिका र अन्तर्गत आर्थिक वर्ष २०८३।०८४ मा खरिद हुने सबै किसिमका सामग्री र निर्माण सामाग्रीहरुको दररेट जिल्ला दररेट अनुसार र जिल्ला दररेटमा उल्लेख नभएको हकमा अनुसूची-२ बमोजिम नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.६ विभिन्न आयोजनाहरुको म्याद थप सम्बन्धमा,**
**निर्णय नं. १.६** बाणगङ्गा नगरपालिकाको १९औं नगरसभाको दोस्रो बैठकको निर्णय नं. १९.२.८ अनुसार प्राप्त अख्तियारी बमोजिम आ.व. २०८२/०८३ मा सम्झौता भई कार्य संचालन भएका तर सम्झौतामा तोकिएको अवधिभित्र सम्पन्न हुन नसकेका योजनाहरुको म्याद थपका लागि निवेदन पेश हुन आएका, सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२० को उपनियम २ (ग) बमोजिम काबु बाहिरको परिस्थितिको कारण सम्झौता बमोजिमको काम हुन सक्ने अवस्था नभएको बिधमान अवस्थामा उल्लेखित योजनाहरुको कार्य सम्पन्न नभएमा थप क्षति व्यहोंनु पर्ने अवस्था देखिएको भएतापनि हालसम्म म्याद थप नभएको अवस्थामा सार्वजनिक खरीद (पन्ध्रौं संशोधन) नियमावली, २०८३ को नियम १२० (क) खरीद सम्झौताको अवधि थप सम्वन्धि विशेष व्यवस्था अन्तर्गत आ.व. २०८२/०८३ मा खरीद सम्झौता भई म्याद सकिएका सम्झौताको हकमा सम्वन्धित निर्माण व्यवसायीले कुन कुन काम, के कस्तो कारणले हुन नसकेको हो, सो को कारण, औचित्य, पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका, सो कार्यतालिका बमोजिम कार्यसम्पन्न हुने आधार सहितको सुनिश्चितता गरेको कबुलियतनामा तथा म्याद थपका कारण थप आर्थिक दाबि नगर्ने स्पष्ट

CamScanner

प्रतिबद्धता सहित यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्वन्धित सार्वजनिक निकाय समक्ष म्याद थपका लागि निवेदन पेश गर्न सक्ने, योजनाहरुको बांकी निर्माण कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि एकिन गरि कार्य सम्पादन जमानत,बिमा र पेश्की सम्वन्धी जमानतको अबधि कायम रहेको सुनिश्चित गरी सार्वजनिक निकायको प्रमुखले अन्तिम पटक म्याद थप गर्न सक्नेछ भनि उल्लेख भएको हुदा कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी कार्य सम्पादन जमानत तथा बिमाको अबधि सम्झौतामा उल्लेखित शर्त बमोजिम कायम हुने गरी पेश गर्न लगाई सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२० को उप नियम २ (ग) बमोजिमको बिद्यमान अवस्था देखिएकोले तपशिलमा उल्लेखित योजना तथा निर्माण व्यवसायीहरुको सम्झौताको म्याद २०८३ कार्तिक मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**तपशिल:**

| क्र.सं. | योजनाको नाम | फर्म/निर्माण व्यवसायीको नाम | लई रकम (रु.) | सम्झौता रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | भुक्तानी दिनु पर्ने बाँकी रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | बाणगंगा चक्रपथ(वडा नं. ८ को पुल-बन्डौली-मोर्मी-बर्दहवा-चौवा-मोतिपुर सडक) | डि.एन.एस.-छहरे जे.भि. | २२७४३०२० | १६३६०२८८ | ५७६१२०७ | १०५९९०८१ |
| २ | गजेहडा प्रतिक्षालय चोक देखि झुंगा भक्तौली हुँदै रुपन्देही जोड्ने सडक | अजित निर्माण सेवा | १७७९२४२४ | १३०८६००८ | ४२९७६५६ | ८७८८३५२ |
| ३ | Bhrama Kumari Building Finishing Works | रेसुङ्गा कन्स्ट्रक्सन | ३७९९६०७ | ३०६५२४३ | १७६९८११ | १२९५४३२ |
| ४ | प्रशासनिक भवन कम्पाउण्ड वाल निर्माण तथा स्तरोन्नती | समावेशी इन्फ्रास्ट्रक्चर प्रा.लि. | २८५५३२४ | २४००६५१ | ० | २४००६५१ |
| ५ | ब्लड बैंक भवन निर्माण, बाणगंगा ४ | चौरसिया ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | २४९९४२३ | २०५७७६२ | १३५१५१२ | ७०६२५० |
| ६ | बुंचीमा कृषि सिंचाई पक्कि कूलो, तारा बहादुर अगाडि गजेहडा कूलोमा वाल, दिलु श्रेष्ठको घर अगाडि जीवलाल गैरेको खेतसम्म गजेहडा कूलोमा रिटेनिंग वाल र निवुवा बोटकैया बांध र कट्लो निर्माण | आलम देवि कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिंग प्रा.लि. | १२९९५५१ | १२५२८६१ | ८०६९२२ | ४४५९३८ |
| ७ | कुबेरपुर पिस हिमालयन रिसोर्ट देखि झुंगा जाने सडक | लक्कि डिजाईनर्स एण्ड बिल्डर्स प्रा.लि. | ३५७५४७८ | २९३६७०६ | ० | २९३६७०६ |
| ८ | Upgradation Works of Pipara Hospital, Ward 2 | आलमदेवि कन्सट्रक्सन एण्ड ईन्जिनियरिंग | ९४७२२०६ | ७८९९३२९ | ३२१८२२३ | ४६८११०५ |
| ९ | कृष्ण विष्टको घरदेखि दिल बहादुर सुनारको घरसम्म पक्की नाला निर्माण सहित स्तरोन्नती, मन्द्रेली टोलमा पक्की सिँचाई कुलो निर्माण | महाशक्ति बिल्डर्स | १११३७५३ | १०९४३५४ | ४०३०३३ | ६९१३२० |
| १० | जनसेवा आ.वि. उदयपुर रिटेनिंग वाल निर्माण | समावेशी इन्फ्रास्ट्रक्चर प्रा.लि. | ९९९६४० | ९५२३४४ | ० | ९५२३४४ |
| ११ | केकरहवा कुलो निर्माण मनोहरापुर, चन्द्रकोटे टोलमा कुलो तथा नाली निर्माण,खुटेनी गाउँमा कुलो तथा नाली निर्माण | समिक कन्स्ट्रक्सन | १७२८६१० | १५६७२७६ | ० | १५६७२७६ |
| १२ | सिद्धार्थ क्याम्पस सभाहल स्तरोन्नती | दुर्गा देवी कन्स्ट्रक्सन | १५७१३४६ | १५५७७५८ | ६७०४६७ | ८८७२९१ |
| १३ | राजापानी सभाहल निर्माण | इम्पेरियल इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट प्रा.लि. | ५०००९४० | ४३६५२७६ | २१०५७२४ | २२५९५५१ |
| | जम्मा | | ७४४५१३२२ | ५८५९५८५५ | २०३८४५५४ | ३८२११२९८ |

CamScanner

**प्रस्ताव नं. १.७ LGPAS को प्रगति सम्बन्धमा,**

**निर्णय नं. १.७** बाणगङ्गा नगरपालिकाको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Government Performance Assessment System) मा आर्थिक वर्ष २०८२।०८३ का सूचकहरुबाट प्राप्त हुने प्राप्ताङ्कको विषयमा छलफल भयो । श्रावण महिनाको अन्तिम सम्म सो को पूर्ण प्रविष्टी सम्पन्न गरी भदौको पहिलो हप्ता पुनरावलोकनको लागि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १.८ उद्योग शाखा सञ्चालन गर्ने सम्बन्धमा,**

**निर्णय नं. १.८** बाणगङ्गा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O & M) बमोजिम उद्योग, संघसंस्था समन्वय तथा रोजगार प्रवर्द्धन शाखा सञ्चालन गरी घरेलु तथा साना उद्योगबाट प्रचलित कानून अनुसार प्राप्त हुने रु. १० लाख सम्मका उद्योगहरुको दर्ता नविकरण र राजस्व कार्यालयबाट वितरण हुँदै आएको स्थायी लेखा नम्बर (PAN) समेत सोही शाखाबाट सम्पादन हुने गरी शाखा सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १.९ खरिद समिति, मूल्याङ्कन समिति र खरिद ईकाई गठन गर्ने सम्बन्धमा,**

**निर्णय नं. १.९** बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ मा सम्पाद हुने योजना तथा कार्यक्रमहरुको लागि निम्नानुसारको खरिद समिति, मूल्याङ्क समिति र खरिद ईकाई गठन गर्ने निर्णय गरियो ।

(क) खरिद समिति गठन सम्बन्धमा

संयोजक – शान्तराज आचार्य – योजना शाखा प्रमुख

सदस्य – सुरज घिमिरे – पूर्वाधार विकास शाखा प्रमुख

सदस्य – महेश भट्टराई – आर्थिक प्रशासन शाखा

सदस्य – सम्बन्धित शाखा प्रमुख

सदस्य – सुनिल श्रेष्ठ – ईन्जिनियर

सदस्य सचिव- सन्तोष बहादुर थापा – जिन्सी शाखा प्रमुख

(ख) मूल्याङ्कन समिति

संयोजक – दल बहादुर चौधरी – शिक्षा निर्देशक

सदस्य – केशबराज भट्टराई – प्रशासन शाखा प्रमुख

सदस्य – सुरज घिमिरे – ईन्जिनियर

सदस्य – केशवराज गैरे – आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य – शान्तराज आचार्य- योजना शाखा प्रमुख

(ग) खरिद ईकाई

संयोजक – शान्तराज आचार्य

सदस्य - महेश भट्टराई – लेखापाल

CamScanner

सदस्य – सूचना प्रविधि अधिकृत

सदस्य सचिव- सन्तोष बहादुर थापा - जिन्सी शाखा प्रमुख

**प्रस्ताव नं. १.१० विषयगत कार्यक्रमको कार्यक्रम सञ्चालन मार्गदर्शन स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. १.१०** बाणगङ्गा नगरपालिका अन्तर्गत आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन हुने विषयगत कार्यक्रमहरुको सञ्चालन मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.११ एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७७ संसोधन सम्बन्धमा,**

**निर्णय नं. १.११** यस बाणगङ्गा नगरपालिकाको विधायन समितिबाट संसोधनको लागि सिफारिस भई आएको पुर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery) प्रोत्साहनका लागि निशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७७ संसोधन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.१२ भूमिको नाप नक्सा सम्बन्धमा,**

**निर्णय नं. १.१२** यस बाणगङ्गा नगरपालिकाको भूमिको नाप नक्साको लागि पालिका भित्र भएका थप ब्लकहरुको डिजिटल अभिलेख प्रमाणिकरण गरी भूमि समस्या समाधान समिति जिल्ला कपिलवस्तुमा पत्राचार गर्ने निर्नय गरियो।

**प्रस्ताव नं. १.१३ भूमिहिन सुकुम्बासी तथा अब्यवस्थितहरुको फारम रुजु सम्बन्धमा,**

**निर्णय नं.१.१३** बानगङ्गा नगरपालिका भित्र लगत सङ्कलन गरी सिस्टममा प्रविष्टि गरिएका ८०५ भूमिहिन दलित, २९३३ भूमिहिन सुकम्बासी र ६७३२ अब्यवस्थित बसोबासी गरी कूल १०४७० निवेदनहरु रुजु गरी भूमि समस्या समाधान समिति जिल्ला कपिलवस्तुमा पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. १.१४ बाटोको लगत कट्टा सम्बन्धमा,**

**निर्णय नं. १.१४** नीजि जग्गाहरुबाट प्रयोगमा आईरहेका बाटोहरु लगतकट्टा सम्बन्धी मापदण्ड जारी गरी बाटोको लगतकट्टा (नेपाल सरकारको नाममा कायम हुन) को लागि सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.१५ विभिन्न निकायहरुबाट प्राप्त पत्रहरु सम्बन्धी जानकारी सम्बन्धमा,**

**निर्णय नं.१.१५** भूमि व्यवस्था, सहकारी, सङ्घीय सामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तथा विभिन्न मन्त्रालय र लुम्बिनी प्रदेशबाट जारी गरिएका परिपत्रहरु प्रस्तुत भई छलफल भयो र परिपत्रानुसार कार्यान्वयन गर्दै जाने निर्णय गरियो।

**प्रस्वाव नं. १.१६ राष्ट्रिय सदाचार नीति कार्यान्वयन सम्बन्धमा,**

**निर्णय नं. १.१६** राष्ट्रिय सदाचार नीति, २०८३ को अनुसूची १ अनुसार स्थानीय तहसंग सम्बन्धित कार्यनीति कार्यान्वयन कार्ययोजना सोही बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।